# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**

**लुम्बिनी प्रदेश, नेपाल**

## स्थानीय राजपत्र

खण्ड १ अंक: २ आश्विन, ०१ गते २०८१ साल (संख्या: ०६)

### भाग-२

नगर कार्यपालिकाको मितिः २०८१/०५/३१ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बर्दघाट नगरपालिकाको करारमा कार्यालय सहयोगि / परिचर व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड- २०८१**

बर्दघाट नगरपालिकामा आवश्यक कार्यालय सहयोगी/परिचर छनौट प्रकृया सञ्चालन गर्न कार्यालय सहयोगी/परिचर छनौटको मापदण्ड निर्धारण गरी प्रकृया अगाडी बढाउने सम्बन्धमा मिति २०८१।०५।३१ को नगर कार्यपालिकाको को निर्णयानुसार यो मापदण्ड तर्जुमा गरिएको छ ।

**१. कार्यालय सहयोगी/परिचर छनौटका लागि आबश्यक न्यूनतम शैक्षिक योग्यता :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उतीर्ण गरेको,

**२. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
- हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो ।

**३. छनौटको किसिमः-शैक्षिक योग्यता, कार्यानुभव, स्थानीय वापतको प्राप्ताङ्क र प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्तको पूर्णाङ्कको आधारमा जम्मा ५० अंकलाई कुल प्राप्ताङ्क कायम गर्ने ।**

| **क सं** | **सूचकहरु** | **पूर्णांक** |
|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **१०** |
| १.१ | कक्षा ८ पास भएको | १० |
| २ | **कार्यानुभव** | **५** |
| २.१ | २ वर्ष भन्दा माथि | ५ |
| २.२ | १ वर्षदेखि २ वर्षसम्म | ४ |
| २.३ | १ वर्षसम्म | ३ |
| **३** | **स्थायी बासिन्दा** | **५** |
| ३.१ | बर्दघाट नगरपालिकाको स्थायी बासिन्दा भए | ५ |
| ३.२ | बर्दघाट नगरपालिका बाहिरको भए | ० |
| ४ | **अन्तर्वार्ता** | **३०** |

- अन्तरवार्ता प्राप्ताङ्कः ३० (अन्तरवार्तामा कम्तिमा ४० प्रतिशत र बढिमा ६० प्रतिशतको सिमा भित्र रहि अंक प्रदान गर्नु पर्नेछ साथै सो भन्दा कम र बढी अंक प्रदान गर्नुपर्ने भएमा कारण पेश गर्नुपर्नेछ)

| अन्तरवार्ताको जम्मा पूर्णांक | अन्तरवार्ताका सूचक र आधारहरुः | | | |
|---|---|---|---|---|
| ३० अंक | उम्मेदवारको व्यक्तित्व | सम्बन्धित विषयवस्तुको ज्ञान | समसामयिक विषयवस्तुको ज्ञान | अभिरुची परीक्षण |
| | ६ अंक | १२ अंक | ६ अंक | ६ अंक |

४. कार्यालय सहयोगी/परिचर छनौटको लागि १८ वर्ष उमेर पुरा भएका र ३५ वर्ष ननाघेका (महिलाको हकमा ४० वर्ष ननाघेका) उम्मेदवारहरुले नगरपालिकामा आइ निवेदन पेश गर्ने गरी नगरपालिकाको वेभ साइट मार्फत १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

५. उपलव्ध गराउने सेवा सुविधा प्रचलित कानुन बमोजिम र सेवा करार सम्झौता बमोजिम उपलव्ध गराउने ।

६. निवेदकबाट निवेदन वापतको शुल्क रु १०० लिइने ।

आज्ञाले,

(प्रकाश खनाल)

प्रमुख प्रशासकीय अधिकृत